# हिलिहाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर

अध्यक्ष :- ९८५२६८४९९
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र. प्र. अ :- ९८५२६८४४७७

प्रदेश नं. १, नेपाल


पं. सं. :- ०७८/७९
चं. नं. :- १०१५

मिति:- २०७९।०३।०१

बिषय: बजेट सीमा र मार्गदर्शन सम्बन्धमा ।

श्री विषयगत शाखाहरु, सबै
हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ उपदफा ३ बमोजिम आगामी आर्थिक वर्षको बार्षिक बजेट गाउँ सभा समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको विदितै छ । यसका लागि त्यस विषयगत शाखाको कार्यक्षेत्र भित्र आगामी आ. व. मा सञ्चालन गरिने कार्यक्रमहरु र सो को लागि आवश्यक पर्ने रकम त्यस शाखालाई उपलब्ध गराइएको सीमा भित्र रही प्रस्ताव गर्नुहुन अनुरोध छ । यसका लागि आ व २०७९/८० को बजेट निर्माण प्रकृयामा यस स्थानीय तहको प्रथम आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना समेत बजेट तयारीको क्रममा प्रयोग गर्नु पर्नेछ । विषयगत शाखाहरुलाई शाखागत रुपमा बजेटको सीमा यसै पत्रसाथ पठाइएको छ । उपलब्ध सीमा भित्रै रहने गरी निम्न मार्गदर्शनहरुको परिवेशमा रही बजेट प्रस्ताव गर्नुहुनेछ ।

| विषयक्षेत्रहरु | बजेट सिमा |
|---|---|
| आर्थिक विकास | १,००,००,००० |
| सामाजिक विकास | ३,८७,५०,००० |
| पूर्वाधार विकास | ५०,००,००० |
| वन, वातावरण तथा विपद व्यवस्थापन | १०,००,००० |
| संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन | ४३,५०,००० |

1. गाउँपालिकाको प्रथम आवधिक योजनाले निर्धारण गरेको सोँच, उद्धेश्य, रणनीति, कार्यनीति, नतिजा खाका तथा कार्यक्रमलाई आधार बनाई विकास आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।
2. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित गाउँपालिकाको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित योजना तथा कार्यक्रमहरु प्रस्ताव गर्नुहुनेछ ।
3. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुरुपका प्रकृया बमोजिम बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ
4. बजेट प्रस्ताव गर्दा "एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन)" बमोजिमको खर्च शीर्षक वर्गीकरण बमोजिम गर्नुहुनेछ ।



— — — क्रमश — — —

# हिलिहाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर

अध्यक्ष :- ९८५२६८४४९९
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र. प्र. अ :- ९८५२६८४४७७

प्रदेश नं. १, नेपाल


मिति:- २०७९।०३।०१

पं. सं. :- ०७८/७९
चं. नं. :- १०९५

5. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ को व्यवस्था बमोजिम मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरी बजेट प्रस्ताव गर्नु हुनेछ।
6. आयोजना तथा कार्यक्रमहरु प्रस्ताव पेश गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले निर्धारण गरेको सूचकहरु कार्यान्वयन हुने गरी प्राथमिकता दिनु हुनेछ।
7. यस वर्ष बजेट कार्यान्वयन गर्दाको अनुभवको आधारमा आगामी १-२ वर्षमा सम्पन्न गर्न सकिने परियोजनाहरुमा कार्यान्वयन क्षमता समेत विचार गरी बजेट प्रस्ताव गर्नु हुनेछ।
8. नयाँ आयोजनाको पहिचान तथा छनौट गर्नुपर्ने भएमा पूर्वसम्भाव्यता तथा सम्भाव्यता अध्ययन (Feasibility Study), वातावरणीय अध्ययन (IEE), विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी जस्ता कार्यका लागि बजेट सुनिश्चित गरेर मात्र आयोजना प्रस्ताव गर्नु हुनेछ।
9. बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा प्रदेश तथा केन्द्र सरकारबाट स्वीकृत भएको सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड परिपालना गर्नु हुनेछ।
10. स्थानीय महत्वका रुपान्तरणकारी विशेष आयोजना/कार्यक्रमलाई उच्च प्राथमिकता दिई आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ।
11. दिगो विकासका लक्ष्यहरुलाई सम्बोधन हुने गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ।
12. आयोजना तथा कार्यक्रम छनौट गर्दा महिला, दलित, पिछडिएको समुदायलाई प्रत्यक्ष लाभ पुग्ने एवम रोजगारमूलक कार्यक्रमहरुमा प्राथमिकताका साथ बजेट प्रस्ताव गर्नु हुनेछ। रोजगारी अभिवृद्धि गर्ने, उत्पादन बृद्धि गर्ने तथा क्षमता अभिबृद्धिका कार्यक्रम तथा आयोजनाहरुलाई प्राथमिकता दिनु हुनेछ।
13. गरिबी न्यूनीकरण, सुशासन प्रबर्द्धन, वातावरण संरक्षण, लैँगिक समानता तथा समावेशी विकासमा सहयोग पुर्याउने आयोजना तथा कार्यक्रमहरु छनौट गर्नु हुनेछ।
14. आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गर्दा सम्भव भएसम्म लैंगिक उत्तरदायी बजेट, गरिबी न्यूनीकरण उन्मुख बजेट, जलवायु परिवर्तन बजेटका लागि निर्धारित सूचक तथा अंकहरु समेत उल्लेख गरि पेश गर्नु हुनेछ।

बिक्रम लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :-**

श्री संयोजकज्यू, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, हिलिहाङ गाउँपालिका।
श्री संयोजकज्यू, विषयगत समितिहरु सबै, हिलिहाङ गाउँपालिका।